# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुप कुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय — नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि. ०६६/६७ वि.उ.स. ३४ को विध्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र (विजयपुर -१ साना जलविध्युत आयोजना)

अनुमतिपत्र प्राप्त संस्था— भगवती हाइड्रोपावर डेभलपमेन्ट प्रा. लि.

**विषयः**– अनुमतिपत्रको शर्त उल्लंघन ।

भगवती हाइड्रोपावर डेभलपमेन्ट लि.ले विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त बमोजिम त्यस संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नु परेमा सोको पुर्व जानकारी यस मन्त्रालयलाई दिनु पर्ने व्यवस्था रहेको पाइन्छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५।१।६ मा जारी भएको भगवती हाइड्रोपावर डेभलपमेन्ट प्राइभेट लिमिटेडको कम्पनीलाई पव्लिक लिमिटेडमा परिवर्तन गरिएको व्यहोराको कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि फायल संलग्न रहेको देखिन्छ । सो सम्बन्धमा विध्युत विकास विभागमा उक्त भगवती हाइड्रोपावर डेभलपमेन्ट लि. ले पेश गरेको स्पष्टिकरणमा उक्त कम्पनि प्रा. लि. बाट पब्लिक कम्पनीमा परिणत गरेको विषयलाई स्वीकार गरी भुलवस अनुमतिपत्रको बुँदा नं.७ को (ध) बमोजिम पुर्व जानकारी गराउन छुट भएको व्यहोरा उल्लेख भएको देखिन्छ । उक्त भगवती हाइड्रोपावर डेभलपमेन्ट लि. ले स्वामित्व संरचनामा परिवर्तन गर्दा सोको पुर्व जानकारी विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त बमोजिम यस मन्त्रालयलाई दिनु पर्नेमा नदिइ विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिदा सोही दफा बमोजिम उक्त भगवती हाइड्रोपावर डेभलपमेन्ट लि. लाई रु.५,०००।- (पाँच हजार रुपैया) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशिल बमोजिम गर्नु ।

तपशीलः

१ भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनि लि. ले जरिवाना बापत लाग्ने रकम रु.५,०००।- (पाँच हजार रुपैया) मिति २०७५।४।२२, रसिद नं.६१५९ को विध्युत विकास विभागको आम्दानी रसिदको सक्कल फायल संलग्न देखिदा केही गरिरहनु परेन ।

२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
(सचिव)

इति सम्बत २०७५ साल कार्तिक 6 गते 92 रोज शुभम् ---------------------------------------------।